मन्दाकिनी हाइड्रोपावर लिमिटेड

को

# दशौं वार्षिक साधारण सभाको बिवरण तथा निर्णयहरु

१. **वैधानिक सभा :**

मन्दाकिनी हाईड्रोपावर लिमिटेडको मिति २०८० साल मंसिर २९ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ तथा कम्पनीको प्रबन्ध पत्र तथा नियमावली बमोजिम कम्पनीको दशौं बार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री शरद कुमार दाहालज्यूको सभापतित्वमा देहाय बमोजिम सम्पन्न भयो ।

२. **सभाको मिति, समय र स्थान :**

२.१ मिति : २०८० साल पौष २९ गते, आइतबार (तदनुसार 14th January 2024)

२.२ समय : बिहान ११:०० बजे ।

२.३ स्थान : अनुपम फुडल्याण्ड एण्ड ब्याङ्केट, बत्तिसपुतली, काठमाडौं ।

३. **सभाको सूचना सम्बन्धी जानकारी :**

दशौं बार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल हुने विषयहरु सहितका विवरण खुलाई कम्पनी ऐन २०६३ को दफा ६७ (२) तथा कम्पनीको नियमावलीको नियम १८ (३) बमोजिम कम्तीमा २१ दिन अगावै शेयरधनीहरुलाई सभा हुने मिति, समय, स्थान र छलफल हुने विषयहरु उल्लेख गरी मिति २०८० साल पौष ३ गते तथा मिति २०८० साल पौष ०९ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी सबै शेयरधनीहरुलाई जानकारी गराइएको कम्पनीका कानुनी सल्लाहकारले जानकारी दिनु भयो ।

कम्पनी ऐनले गरेको व्यवस्थाको अधिनमा रही साधारण सभाको सूचना तथा सभामा पेश गर्नुपर्ने तथा निर्णय गर्नुपर्ने विषयवस्तु समेत उल्लेख भएको कम्पनीको दशौं बार्षिक प्रतिवेदन विधुतिय सञ्चारमाध्यम, कम्पनीको Website www.mandakinihydro.com.np मा राखिएको छ ।

४. **सभाको विषय सूची :**

क) सामान्य प्रस्तावहरु :

१) संचालक समितिका तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०७९/०८० को बार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने बारे,

२) लेखापरिक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वासलात, तथा सोही मितिमा समाप्त आ.व. २०७९/०८० को नाफा नोक्सान हिसाब, शेयर पूँजीमा भएको

Mandakini Hydro Power Ltd. Kathmandu, Nepal

परिवर्तन, नगद प्रवाह विवरण लगायत सो सँग सम्बन्धित अन्य अनुसूचिहरु उपर छलफल गरि पारित गर्ने बारे,

३) कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.व. २०८०/०८१ को लेखापरिक्षण गर्नको लागि लेखापरिक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने बारे,

४) संचालक समितिबाट प्रस्ताव गरे अनुसार ०.२५ प्रतिशतका दरले हुन आउने रु. १४,७०,०९२.२५ नगद लाभांश कर प्रयोजनका लागि स्वीकृत गर्ने बारे,

**ख) विशेष प्रस्तावहरु :**

१) संचालक समितिले प्रस्ताव गरे बमोजिम २०८० आषाढ मसान्त सम्म कायम रहेको सञ्चित मुनाफा समेतबाट चुक्ता पूँजीको ४.७५ बोनश शेयर वितरण गर्न स्विकृती गर्ने र सोही हदसम्म जारी तथा चुक्ता पूँजी बृद्धि गरी प्रबन्ध पत्र तथा नियमावली संशोधन गर्ने,

२) संचालकहरुको सेवा सुविधा बारे,

३) प्रबन्ध पत्र तथा नियमावली संशोधन सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने तथा उक्त संशोधन सम्बन्धमा नियामक निकायहरुबाट प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन, फेरबदल एवं थपघट लगायतका कुनै निर्देशनहरु प्राप्त भएमा सोही बमोजिम संशोधन, फेरबदल एवं थपघट गर्न संचालक समितिलाई आवश्यक सम्पुर्ण अख्तियारी प्रदान गर्ने।

**ग) विविध ।**

**५. उपस्थिती :**

**५.१ संचालकहरु (कम्पनी ऐन, २०६३ को दफा ६८) :**

क) श्री शरद कुमार दाहाल - अध्यक्ष

ख) श्री बिष्णु बहादुर तामाङ्ग - संचालक

ग) श्री हरि प्रसाद भट्ट - संचालक

घ) श्री महेश्वर दवाडी - संचालक

ङ) डा. रमा मोहन पोखरेल - संचालक

च) ई. सुशिल अधिकारी - संचालक

छ) श्री प्राप्ती रायमाझी - संचालक

**५.२ पदाधिकारीहरुको उपस्थिती :**

क) श्री राम प्रसाद खनाल - कानुनी सल्लाहकार

ख) श्री दामोदर गिरी - कम्पनी सचिव

**५.३ शेयरधनीहरुको उपस्थिती (कम्पनी ऐन २०६३ को दफा ७३ बमोजिम) :**

कम्पनीको हाल कायम कुल चुक्ता पूँजी रु. ५८,८०,३६,९०० (अक्षेरुपी अठाउन्न करोड असी लाख छत्तिस हजार नौ सय मात्र) को रु.१०० अंकित दरका ५८८०३६९ कित्ता शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीहरु :

५.३.१) उपस्थित शेयरधनीहरुको संख्या :

Mandakini Hydro Power Ltd. Kathmandu, Nepal

(क) शेयरधनी स्वयँबाट : ७९६,३९६

(ख) शेयरधनी प्रतिनिधि मार्फत : २,२६९,५१४

५.३.२) शेयरको प्रतिनिधित्व संख्या : २७६

५.३.३) शेयर संख्याको प्रतिनिधित्व प्रतिशत : ५२.१४%

६. **सभाको वैधानिकता र गणपुरक संख्या :**

६.१ साधारण सभा सुरु हुनु अधि कम्पनीका कानूनी सल्लाहकारले उपस्थित शेयरधनी महानुभावहरुलाई कम्पनीको तर्फबाट हार्दिक स्वागत गर्दै कम्पनी ऐन, २०६३ को दफा ७३ (२) तथा कम्पनी को नियमावलिको नियम (२३) अनुसार आवश्यक गणपूरक संख्या पुगेकोले छलफलको बिषय सूचि अनुसार सभा संचालन गर्न अध्यक्षज्यूलाई अनुरोध गर्नु भयो ।

६.२ तत्पश्चात् कम्पनी ऐन २०६३ को दफा ७३ अनुसार गणपुरक संख्या पुगेकोले सभा सञ्चालन गर्न मञ्जुर गर्दै पूर्व सूचित सभाको निर्धारित विषय सूचीको क्रमानुसार जान र तत्सम्बन्धमा प्रचलित ऐन बमोजिम कारवाही अगाडी बढाउन सहमती दियो ।

७. **सभाको सभापतित्व :**

सभाको वैधानिकता पुरा भएपछि कम्पनी ऐन २०६३ को दफा ७४ र कम्पनीको नियमावलीको नियम १९ अनुसार यस कम्पनीको संचालक समितिका अध्यक्ष श्री शरद कुमार दाहाज्यूलाई दशौं बार्षिक साधारण सभाको सभापतित्व गरिदिनु हुन कम्पनीका कानुनी सल्लाहकारले आग्रह गर्नुभयो र संचालक समितिका अध्यक्ष श्री शरद कुमार दाहालज्यूले सभाको सभापतित्व गर्नु भयो ।

८. **सभाको उद्घाटन र सभा संचालन :**

कम्पनीका संचालक समितिका अध्यक्ष श्री शरद कुमार दाहालले कम्पनीको बार्षिक साधारण सभाको सभापतित्व ग्रहण गरेपछि कार्यतालिका अनुसार कानुनी सल्लाहकारको अनुरोधमा अध्यक्ष श्री शरद कुमार दाहालज्यूले पानसमा बत्ती वालेर सभाको समुद्घाटन गर्नु भयो । सभाको समुद्घाटन पछि सभापतिज्यूको निर्देशन अनुसार कम्पनीका कानुनी सल्लाहकारले सभा संचालन गर्नु भयो ।

९. **संचालक समितिको बार्षिक प्रतिवेदन प्रस्तुती :**

९.१ आर्थिक बर्ष २०७९/०८० को कम्पनीको अवस्था, प्राप्त उपलब्धीहरु र भावी कार्यक्रमका बारेमा कम्पनीका अध्यक्ष श्री शरद कुमार दाहालले मन्तव्य सहित बार्षिक प्रतिवेदन सभा समक्ष पढेर सुनाउनु भयो ।

Mandakini Hydro Power Ltd. Kathmandu, Nepal

९.२ सभाका सभापतिज्यूले संचालक समितिको दशौं बार्षिक प्रतिवेदन, लेखापरिक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वासलात, तथा सोही मितिमा समाप्त आ.व. २०७९/०८० को नाफा नोक्सान हिसाब, शेयर पूँजीमा भएको परिवर्तन, नगद प्रवाह विवरण लगायत सो सँग सम्बन्धित अन्य अनुसूचिहरु उपर छलफल गरि पारित गर्नका लागि आ-आफ्नो विचार, जिज्ञासा, मन्तव्य, सुझाव एवं प्रश्न राख्न तथा छलफल गर्न इच्छुक शेयरधनीमहानुभावहरुलाई आवहान गर्नुभयो ।

## १०. छलफलमा सहभागी हुनु हुने शेयरधनी महानुभावहरु :

१०.०१ छलफलका लागि सभापतिज्यूले आव्हान गर्नु भए अनुसार सभामा निम्न बमोजिमका शेयरधनी महानुभावहरुले आ-आफ्नो विचार, जिज्ञासा, मन्तव्य, सुझाव एवं प्रश्न राख्नु भयो ।

- क) श्री इन्द्रकृष्ण श्रेष्ठ
- ख) श्री अमिरदास रञ्जित
- ग) श्री शत्रुघन श्रेष्ठ
- घ) श्री कुलेश खतिवडा
- ङ) श्री डमरु वल्लभ घिमिरे
- च) श्री उत्तम पाठक

१०.२ उपरोक्त बमोजिमका शेयरधनी महानुभावहरुले राख्नु भएको विचार, जिज्ञासा, मन्तव्य, सुझाव एवं प्रश्नहरु

- क) राइट शेयर जारी गरेर शेयर सहभागिता बढाउनु पर्‍यो,कम्पनीको क्षमता बृद्धि गर्नु पर्‍यो ।
- ख) थप नयाँ, आर्कषक तथा ठूला परियोजनाहरुमा लगानी विस्तार गर्ने निती तयार गरी सोही अनुरुप अगाडी बढ्नु पर्‍यो । यत्तिकै बसेर हुदैन शेयरधनीहरुलाई अलि धेरै लाभांश बाड्न सक्नेगरी अगाडी बढ्नु पर्‍यो ।
- ग) कम्पनीको वित्तिय विवरण अंग्रेजी भाषामा रहेको र आउदा दिनहरुमा नेपाली भाषामा समेत हुनु पर्‍यो ।
- घ) साधारण सभामा श्रव्य दृश्यद्धारा परियोजना बारे जानकारी गराउन पर्‍यो ।
- ङ) बार्षिक साधारण सभा गतबर्ष पनि पौष मसान्तमा अहिले पनि पौष मसान्तमा भएको देखिएकोले आउदाँ बर्षहरुमा अलि छिट्टै गर्ने व्यवस्था गर्नुपर्‍यो ।

Mandakini Hydro Power Ltd. Kathmandu, Nepal

११. **प्रस्ताव तथा निर्णयहरु :**

सभामा राखिएका विचार, जिज्ञासा, मन्तव्य, सुझाव एवं प्रश्नको सम्बोधन पश्चात् सभापतिज्यूले छलफलको विषय सूचिमा उल्लेखित प्रस्तावहरु सभाद्धारा पारित गर्नको लागि प्रस्तुत गर्नुभएकोमा देहायका प्रस्तावहरु देहाय बमोजिमनै हुनेगरी पारित गर्ने निर्णय भयो ।

**क) सामान्य प्रस्ताव :**

प्रस्तताव नं. १) **संचालक समितिका तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने बारे,**

निर्णय नं. १) संचालक समितिका तर्फबाट अध्यक्षज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरु, अतिथि, कर्मचारीहरु लगायत सबैलाइ स्वागत अभिवादन गर्दै आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन, शेयरधनी महानुभावहरुलाई बितरण गर्न लगाउनु भै आफ्नो तर्फबाट, प्रस्तुत गर्नु भयो । उक्त प्रस्तुत प्रतिवेदन उपरको छलफलमा भाग लिई दिन हुन र आफ्नो बिचार मन्तव्य तथा जिज्ञासा राख्न शेयरधनीहरुलाई अनुरोध गर्नु भए पश्चात् छलफल एवं उठेका जिज्ञासा को सम्वोधन गरियो र उक्त बार्षिक प्रतिवेदन निर्णयार्थ प्रस्तुत गर्दा सभावाट पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २)** **लेखापरिक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वासलात, तथा सोही मितिमा समाप्त आ.व. २०७९/०८० को नाफा नोक्सान हिसाब, शेयर पूँजीमा भएको परिवर्तन, नगद प्रवाह विवरण लगायत सो सँग सम्बन्धित अन्य अनुसूचिहरु उपर छलफल गरि पारित गर्ने बारे,**

निर्णय नं. २) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० साल आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.ब.२०७९/०८० को नाफा नोक्सान हिसाब, शेयर पूँजीमा भएको परिवर्तन, नगद प्रबाह विवरण लगायत सो सँग सम्बन्धित अन्य अनुसुचिहरु पारित गरियोस भनी सभापतिले सभा समक्ष प्रस्तुत गर्न भएको प्रस्ताव उपर आवश्यक छलफल पश्चात् पारित भयो ।

**प्रस्ताव नं. ३)** **कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.व. २०८०/०८१ को लेखापरिक्षण गर्नको लागि लेखापरिक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने बारे,**

निर्णय नं. ३) कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.व. २०८०/०८१ लेखापरिक्षण गर्नको लागि लेखापरिक्षक नियुक्त गर्ने सम्बन्धमा छलफल हुदाँ एनफआरएस लागु गरी लेखापरिक्षण गर्नका लागि लेखापरिक्षक जि. एण्ड जि. एशोसियट्सलाई

Mandakini Hydro Power Ltd. Kathmandu, Nepal

नियुक्त गर्ने निर्णय गरियो साथै निजको पारिश्रीक मूल्य आभिबृद्धी कर वाहेक रु.२,००,००० (अक्षेरुपी दुई लाख मात्र) प्रदान गर्ने निर्णय ।

**प्रस्ताव नं. ४)** **संचालक समितिबाट प्रस्ताव गरे अनुसार ०.२५ प्रतिशतका दरले हुन आउने रु. १४,७०,०९२.२५ नगद लाभांश कर प्रयोजनका लागि स्वीकृत गर्ने बारे,**

निर्णय नं. ४) संचालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजीको रु. ५८,८०,३६,९००/- (अक्षेरुपी अठाउन्न करोड असी लाख छत्तिस हजार नौ सय मात्र) को ०.२५ प्रतिशतले हुन आउने नगद लाभाशं रू. १४,७०,०९२.२५ (अक्षेरुपी चौध लाख सत्तरी हजार बयानब्बे रूपैया पच्चिस पैसा मात्र) नगद लाभांश कर प्रयोजनका लागि स्वीकृत गर्ने निर्णय गरियो ।

**ख) विशेष प्रस्ताव :**

**प्रस्ताव नं. १)** **संचालक समितिले प्रस्ताव गरे बमोजिम २०८० आषाढ मसान्त सम्म कायम रहेको सञ्चित मुनाफा समेतबाट चुक्ता पूँजीको ४.७५ बोनश शेयर वितरण गर्न स्विकृती गर्ने र सोही हदसम्म जारी तथा चुक्ता पूँजी बृद्धि गरी प्रबन्ध पत्र तथा नियमावली संशोधन गर्ने,**

निर्णय नं. १) संचालक समितिले प्रस्ताव गरे बमोजिम २०८० आषाढ मसान्त सम्म कायम रहेको सञ्चित मुनाफा समेतबाट चुक्ता पूँजीको ४.७५ बोनश शेयर वितरण गर्ने तथा सोही हदसम्म जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने गरी प्रबन्ध पत्र दफा ६ (ख) र (ग) मा तपसिल बमोजिम हुनेगरी संशोधन गर्ने निर्णय समेत गरियो ।

**प्रबन्ध पत्रको दफा ६**

ख) कम्पनीले तत्काल जारी गर्ने पूँजी रू. ६१,५९,६८,६५३. (अक्षेरुपी एकसठ्ठी करोड उन्साठी लाख अठसठ्ठी हजार छ सय त्रीपन्न रूपैया मात्र) हुनेछ ।

ग) कम्पनीको तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रू. ६१,५९,६८,६५३. (अक्षेरुपी एकसठ्ठी करोड उन्साठी लाख अठसठ्ठी हजार छ सय त्रीपन्न रूपैया मात्र) हुनेछ ।

**प्रस्ताव नं. २)** **संचालकहरुको सेवा सुविधा बारे,**

निर्णय नं. २) संचालकहरुको सेवा सुविधा सम्बन्धमा छलफल हुदाँ निम्नानुसार हुनेगरी सेवा सुविधा तय गर्ने निर्णय गरियो ।

संचालकको सेवा तथा सुविधा

| विवरण | बैठक भत्ता (प्रति बैठक) | दैनिक भ्रमण भत्ता | अन्य सुविधा |
|---|---|---|---|
| अध्यक्ष (कार्यकारी) | रु. १०,०००/- | प्रति दिन रु. ५,०००/- साथै विल बमोजिमको यातायात तथा होटल खर्च | यातायातका लागि इन्धन, संचार तथा अतिथि सत्कार समेतका लागि मासिक सुविधा रु. ५९,०००/- (कर सहित) |

Mandakini Hydro Power Ltd. Kathmandu, Nepal

| | | | |
|---|---|---|---|
| संचालक | रु. ८,०००/- | प्रति दिन रु. ५०००/- साथै विल बमोजिमको यातायात तथा होटल खर्च | - |

**प्रस्ताव नं. ३)** **प्रबन्ध पत्र तथा नियमावली संशोधन सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने तथा उक्त संशोधन सम्बन्धमा नियामक निकायहरुबाट प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन, फेरबदल एवं थपघट लगायतका कुनै निर्देशनहरु प्राप्त भएमा सोही बमोजिम संशोधन, फेरबदल एवं थपघट गर्न संचालक समितिलाई आवश्यक सम्पुर्ण अख्तियारी प्रदान गर्ने,**

निर्णय नं. ३) प्रबन्ध पत्र तथा नियमावली संशोधन सम्बन्धमा नियामक निकायहरुबाट प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन, फेरबदल एवं थपघट लगायतका कुनै निर्देशनहरु प्राप्त भएमा सोही बमोजिम संशोधन, फेरबदल एवं थपघट गर्न संचालक समितिलाई आवश्यक सम्पुर्ण अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**ग) विविध :**

बिबिध अर्न्तगत छलफलकालागि अन्य कुनै प्रस्ताव नभएकोले यस सभाका सभापति श्री शरद कुमार दाहालज्यूले समापन मन्तव्य दिनु हुंदै यस सभामा भएको शेयरधनीहरुको उत्साहपूर्ण सहभागिता ले आफू अत्यन्त गौरवान्वित भएको महशुश गर्नु भएको र सभामा अत्यन्त राम्रा र गहन बिचारहरु व्यक्त भएको बताउनु भयो । शेयरधनीमहानुभावहरुको सहभागिता तथा वहाहरुबाट व्यक्त भएका सुभाव तथा बिचारहरुले कम्पनीको संचालक समितिलाई उचित मार्गदर्शन प्राप्त भएको उल्लेख गर्नु भयो । साथै शेयरधनीहरुको यस किसिमको उत्साह र प्रतिवद्धताले कम्पनीलाई थप उचाईमा पुऱ्याउनेमा विश्वस्त रहेको बिचार व्यक्त गर्दै सबैलाइ पुन धन्यबाद दिदै सभा बिधिवत बिधिवत् बिसर्जन गर्नु भयो ।

**दामोदर गिरी**
**(कम्पनी सचिव)**

Mandakini Hydro Power Ltd. Kathmandu, Nepal

**शरद कुमार दाहाल**
**(अध्यक्ष)**